नेपाल सरकार

शिक्षा मन्त्रालय

# परीक्षा नियन्त्रण कार्यालय

## सानोठिमी, भक्तपुर

## २०७३ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा -१० को नतिजा प्रकाशन सम्बन्धी प्रेस विज्ञप्ति

आदरणीय सञ्चारकर्मी मित्रहरू

माध्यमिक शिक्षा परीक्षा कक्षा १० **(Secondary Education Examination (SEE) Grade 10)** को नतिजा प्रकाशनका सन्दर्भमा आयोजित यस कार्यक्रममा सर्वप्रथम यहाँहरूको गरिमामय उपस्थितिलाई स्वागत गर्न चाहन्छु ।

मिति २०७३।३।१५ मा भएको शिक्षा ऐनको आठौं संशोधनले कक्षा ९ देखि १२ सम्म माध्यमिक शिक्षा कायम गरेको सन्दर्भमा माध्यमिक शिक्षाको परीक्षाको व्यवस्थापन गर्न राष्ट्रिय परीक्षा बोर्ड गठन भएको र कक्षा १० को परीक्षाको व्यवस्थापनका लागि बोर्डबाट प्रत्यायोजित अधिकारअनुरूप परीक्षा नियन्त्रण कार्यालयले कार्य गरिरहेको अवस्था छ। शिक्षा ऐनको संशोधनका कारण परीक्षाको नाम समेत परिवर्तन भई कक्षा १० को परीक्षा 'माध्यमिक शिक्षा परीक्षा कक्षा १० र कक्षा १२ को परीक्षा 'माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा कक्षा १२' (एसएलसी कक्षा १२) भएको अवस्था छ।

राष्ट्रिय परीक्षा बोर्डको प्रत्यायोजित अधिकारबमोजिम माध्यमिक शिक्षा परीक्षा कक्षा १० को परीक्षाको सञ्चालन व्यवस्थापन गर्ने सन्दर्भमा गत २०७३ साल चैत ३ देखि १४ गतेसम्म सञ्चालित यस वर्षको साधारण धारतर्फको परीक्षाफल परीक्षा सञ्चालक समितिको मिति २०७४।३।२ को निर्णयअनुसार आज २०७४ असार २ गते प्रकाशन गरिएको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छु । साथै प्राविधिक धारतर्फका र ग्रेडवृद्धि तर्फका परीक्षार्थीको नतिजा क्रमशः छिट्टै नै प्रकाशित गरिने व्यहोरासमेत अवगत गराउन चाहन्छु ।

२०७३ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १० (SEE Grade - 10) को परीक्षाको सञ्चालन व्यवस्थापनका सन्दर्भमा बुँदागत रूपमा निम्नानुसारका केही विषय उल्लेख गर्न चाहन्छु :

### १ परीक्षा सञ्चालन र व्यवस्थापन

कुल १९२३ ओटा परीक्षा केन्द्रमा सञ्चालित २०७३ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १० (SEE Grade 10) को परीक्षालाई अनुशासित, मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्न विगत वर्षदेखि नै धेरै प्रयासहरू हुँदै आएका छन् । यस वर्ष पनि यसलाई थप अनुशासित, मर्यादित र व्यवस्थित रूपमा सञ्चालन गर्नका लागि केन्द्र, क्षेत्र र जिल्ला तहबाट गरिएका प्रयासहरु सहानीय रहे । यसका बावजुद पनि केही केन्द्रहरूमा परीक्षाको मर्यादा उल्लङ्घन गर्ने प्रयास भएकोमा परीक्षाको मर्यादाविपरीत कार्य गर्ने ३ जना परीक्षार्थीहरूको सबै विषय र २१६ जनाको एक विषय गरी कुल २१९ जना परीक्षार्थीहरूको परीक्षा रद्द गरिएको छ।

### २ उत्तरपुस्तिका परीक्षण सम्परीक्षण व्यवस्थापन

यस वर्ष परीक्षा नियन्त्रण कार्यालयसहित ६१ ओटा परीक्षण केन्द्रहरुमा उत्तरपुस्तिका परीक्षण सम्परीक्षणको व्यवस्थापन गरिएको थियो। क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरु प्रत्यक्ष रूपमा उत्तरपुस्तिका परीक्षणको व्यवस्थापनमा संलग्न थिए। उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण कार्य सम्पन्न गर्न, कोडिङ/डिकोडिङ कार्य गर्न र परीक्षण केन्द्र व्यवस्थापन कार्यका लागि कर्मचारीहरु परिचालन गरिएका थिए भने उत्तरपुस्तिका परीक्षण सम्परीक्षणका लागि माध्यमिक तहमा अध्यापन गर्ने विषय शिक्षकहरु खटिएका थिए। परीक्षाको नतिजा प्रकाशनको तयारी गर्ने सम्बन्धमा परीक्षण केन्द्र रहेका स्थानका शिक्षक मित्रहरु तथा कर्मचारी साथीहरुको निरन्तर सहयोगका कारण सीमित भौतिक पूर्वाधार हुँदाहुँदै पनि विद्यालय भवनहरुसमेत प्रयोग गरी कार्ययोजना बमोजिम नै निर्दिष्ट समयमा उत्तरपुस्तिका परीक्षण-सम्परीक्षण कार्य सम्पन्न भएको र यस कार्यमा खटिने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

## ३ नतिजा प्रकाशन सम्बन्धी

उत्तरपुस्तिका परीक्षणको कार्य सम्पन्न भएपछि परीक्षण केन्द्रहरुबाट प्राप्त मार्कस्लिपको आधारमा कम्प्युटरमा प्राप्ताङ्क प्रविष्टि गर्ने कार्य जेठ ३ गतेबाट सुरु गरी टेबुलेसन, रुजु कार्यसमेत सम्पन्न गरी आजका दिनमा नतिजा प्रकाशन गर्न सकिएको व्यहोरासमेत यहाँहरुलाई जानकारी गराउँछु। यस वर्ष नियमित तथा एक्जेम्टेड समूहको साधारण धारतर्फ (संस्कृतसमेत) ४८३९६७ जना परीक्षार्थीहरुले आवेदन फाराम भरेकोमा ११८२५ परीक्षार्थी परीक्षामा सामेल हुन अयोग्य भएको तथा १०००६ जना अनुपस्थित भएकाले जम्मा ४६२१३६ जना परीक्षार्थी परीक्षामा सम्मिलित भई तपसिल बमोजिमको नतिजा विवरण प्रकाशन गरिएको छ। प्रदेशगत विवरण यसै साथ संलग्न छ ।

**माध्यमिक शिक्षा परीक्षा कक्षा १० सङ्क्षिप्त नतिजा विवरण**

| DESCRIPTION | REGULAR 2073 | | | EXEMPTED 2073 | | |
|---|---|---|---|---|---|---|
| | TOT | BOY | GIRL | TOT | BOY | GIRL |
| 00. APPEARED | 445564 | 221682 | 223882 | 16572 | 6219 | 10353 |
| 01. "GPA FROM 3.65 TO 4.00" | 12284 | 7034 | 5250 | 0 | 0 | 0 |
| 02. "GPA FROM 3.25 TO 3.60" | 42427 | 24911 | 17516 | 2 | 2 | 0 |
| 03. "GPA FROM 2.85 TO 3.20" | 50646 | 29472 | 21174 | 21 | 14 | 7 |
| 04. "GPA FROM 2.45 TO 2.80" | 61955 | 33699 | 28256 | 222 | 122 | 100 |
| 05. "GPA FROM 2.05 TO 2.40" | 91314 | 44493 | 46821 | 1964 | 777 | 1187 |
| 06. "GPA FROM 1.65 TO 2.00" | 108464 | 48390 | 60074 | 7470 | 2770 | 4700 |
| 07. "GPA FROM 1.25 TO 1.60" | 64577 | 27787 | 36790 | 5758 | 2088 | 3670 |
| 08. "GPA FROM 0.85 TO 1.20" | 11285 | 4532 | 6753 | 605 | 208 | 397 |
| 09. "GPA FROM 0.00 TO 0.80" | 15 | 6 | 9 | 1 | 1 | 0 |
| 10. UNDER AGE | 2 | 0 | 2 | 1 | 0 | 1 |
| 11. THEORY MISSING | 1320 | 708 | 612 | 471 | 212 | 259 |
| 12. PRACTICAL MISSING | 1038 | 564 | 474 | 26 | 15 | 11 |
| 13. EXPELLED | 3 | 2 | 1 | 0 | 0 | 0 |
| 14. COPY CANCELLED | 216 | 73 | 143 | 31 | 10 | 21 |
| 15. DROP OUT | 7604 | 3635 | 3969 | 2402 | 1107 | 1295 |

## ४ नतिजाको जानकारी लिने व्यवस्था

माध्यमिक शिक्षा परीक्षा कक्षा १० को नतिजा प्राप्त गर्नका लागि टेलिफोन (IVR), SMS र website को व्यवस्था भएको छ । त्यसका लागि निम्नानुसारका विभिन्न सेवा प्रदायक संस्थाहरूबाट निम्नानुसारको सेवा प्रदान हुने व्यवस्था रहेको जानकारी गराउन चाहन्छु ।

### क टेलिफोन (IVR)

नेपाल टेलिकमको १६०० नम्बरमा डायल गरी प्राप्त निर्देशनबमोजिम नतिजा सुन्न सकिनेछ ।

### ख एसएमएस (SMS)

निम्नानुसारका नम्बरमा (SMS) गरी जानकारी लिन सकिनेछ -

| क्र.सं. | नम्बर | संस्था |
|---|---|---|
| १ | १६०० | नेपाल टेलिकम, काठमाडौं |
| २ | १६०० | एनसेल प्रा.लि., ललितपुर |
| ३ | ३१००३ | आकाश टेक प्रा.लि., काठमाडौं |
| ४ | ३५५६६ | फोकसवान नेपाल प्रा.लि., ललितपुर |
| ५ | ३३६२४ | वान अप कम्युनिकेसन, काठमाडौं |
| ६ | ३५००१ | जानकी टेक्नोलोजी प्रा.लि., ललितपुर |
| ७ | ३४९४९ | इजी सर्भिस प्रा.लि., काठमाडौं |

## ग Website :

निम्नानुसारका website बाट नतिजाको जानकारी लिन सकिनेछ -

| क्र.सं. | website | संस्था |
|---|---|---|
| १ | www.moe.gov.np | शिक्षा मन्त्रालय सिंहदरवार, काठमाडौं |
| २ | www.doe.gov.np | शिक्षा विभाग, सानोठिमी, भक्तपुर |
| ३ | www.soce.gov.np | परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुर |
| ४ | www.neb.gov.np | राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर |
| ५ | www.inheadline.com | आकाश टेक प्रा.लि., काठमाडौं |
| ६ | www.see.ntc.net.np | नेपाल टेलिकम, काठमाडौं |
| ७ | www.edukhabar.com | पी एण्ड पी मल्टीमिडिया प्रा.लि., ललितपुर |
| ८ | www.ncell.axiata.com | एनसेल प्रा.लि., ललितपुर |
| ९ | www.meroshikshya.com | वान अप कम्युनिकेशन प्रा.लि., काठमाडौं |
| १० | www.ekantipur.com | कान्तिपुर डिजिटल प्रा.लि., काठमाडौं |
| ११ | www.educationsansar.com | क्याथ कोडेक्स प्रा.लि., काठमाडौं |
| १२ | www.ratopati.com | डिस्कभरी न्युज नेटवर्क प्रा.लि., ललितपुर |
| १३ | www.khullapati.com | याक पब्लिकेसन, काठमाडौं |
| १४ | www.lokantar.com | लोकान्तर साप्ताहिक प्रा.लि., ललितपुर |

माथि उल्लिखित वेभसाइटहरूमध्ये परीक्षा नियन्त्रण कार्यालयको र नेपाल टेलिकमको वेभसाइटमा परीक्षार्थीको सिम्बोल नम्बर र जन्ममिति राखेर सबै विषयको ग्रेड र समग्र स्तरीकृत अङ्क **(GPA)** हेर्न सकिनेछ । अन्य वेभसाइटहरूमा परीक्षार्थीहरूको सिम्बोल नम्बरअनुसार समग्र स्तरीकृत अङ्क **(GPA)** हेर्न सकिनेछ । उल्लिखित संस्थाहरूले तोकिएको सेवामात्र सञ्चालन गर्न, तोकिएको सेवा बाहेक अन्य प्रयोजनमा नतिजाको तथ्याङ्क (data) प्रयोग गरी कुनै सेवा सञ्चालन गर्न नपाइने जानकारी गराइएको छ ।

परीक्षाफल प्रकाशन गर्दा त्रुटि नहोस् भनेर सक्दो सावधानी अपनाउने प्रयास गरिएको छ । सकभर परीक्षार्थीको नतिजा स्थगित नहोस् भनी भरपूर प्रयास गरिएको छ । यति हुँदाहुँदै पनि परीक्षार्थीको उत्तरपुस्तिकामा सिम्बोल नम्बर स्पष्ट नहुने, प्रयोगात्मक अङ्क प्राप्त नहुने, तोकिएको जन्ममिति नपुग्ने आदि जस्ता कारणले केही परीक्षार्थीको नतिजा स्थगन हुन पुगेको छ । यसबाट परीक्षार्थीमा पर्ने मर्काप्रति परीक्षा नियन्त्रण कार्यालय संवेदनशील छ । यसका लागि सम्बन्धित परीक्षार्थी र विद्यालयबाट आवश्यक पहल हुनेछ भन्ने विश्वास लिइएको छ ।

## ५ पुनर्योगको व्यवस्था

आफूले प्राप्त गरेको कुनै विषयको नतिजा चित्त नबुझेमा सम्बन्धित परीक्षार्थीले पुनर्योग गराउन सक्नेछन् । यसका लागि प्रतिविषय रु. ५०० र आवश्यक विवरणसहित परीक्षा नियन्त्रण कार्यालय वा सम्बन्धित क्षेत्रीय शिक्षा निर्देशनालय वा जिल्ला शिक्षा कार्यालयमा नतिजा प्रकाशन भएको मितिले १५ दिनभित्र निवेदन दिन सक्ने व्यवस्था मिलाइएको छ ।

## ६ पूरक (ग्रेडवृद्धि) परीक्षासम्बन्धी व्यवस्था

सैदान्तिक विषयतर्फ C, D+, D र E ग्रेड प्राप्त गर्ने अर्थात् सैद्धान्तिक विषयमा C ग्रेड र सोभन्दा तल्लो ग्रेड प्राप्त गर्ने परीक्षार्थीले जति विषयमा C ग्रेड र सोभन्दा तल्लो ग्रेड प्राप्त गरेको छ, त्यस्ता विषयमध्ये निजले चाहेका विषयमा र मूल परीक्षामा २ विषयसम्म अनुपस्थित भएको वा २ विषयसम्म ग्रेड नखुलेका विषयमा परीक्षार्थीले पूरक (ग्रेडवृद्धि) परीक्षा दिन पाउनेछ । (मूल परीक्षामा २ विषयभन्दा बढी विषयमा अनुपस्थित भएको र २ विषयभन्दा बढी विषयमा ग्रेड नखुलेका परीक्षार्थीले आगामी वर्षको परीक्षामा एक्जाम्टेड परीक्षार्थीका रुपमा परीक्षा दिनुपर्नेछ ।)

परीक्षा सञ्चालक समितिको मिति २०७४।३।२ को निर्णयअनुसार यस वर्षको पूरक (ग्रेडवृद्धि) परीक्षा आगामी २०७४ साउन १९ गते विहीबारदेखि २०७४ साउन २६ गते विहीबारसम्म सञ्चालन हुने गरी तोकिएको छ ।

## २०७३ सालको एसईई पूरक (ग्रेडवृद्धि) परीक्षाको समय तालिका

**परीक्षा सञ्चालन समय : विहान ८.०० बजेदेखि ११.०० बजेसम्म**

| क्र.सं | मिति | विषय |
|---|---|---|
| १ | २०७४ साल श्रावण १९ गते विहीबार | अनिवार्य अंग्रेजी<br>वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत भाषा र साहित्य/अनिवार्य अंग्रेजी |
| २ | २०७४ साल श्रावण २० गते शुक्रबार | अनिवार्य नेपाली<br>गैरनेपाली विद्यार्थीहरुका लागि अंग्रेजी (Elective English) |
| ३ | २०७४ साल श्रावण २१ गते शनिबार | अनिवार्य गणित |
| ४ | २०७४ साल श्रावण २२ गते आइतबार | अनिवार्य विज्ञान<br>वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत व्याकरण तथा अनुवाद |
| ५ | २०७४ साल श्रावण २३ गते सोमबार | अनिवार्य सामाजिक अध्ययन |
| ६ | २०७४ साल श्रावण २४ गते मंगलबार | अनिवार्य स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा<br>वेदविद्याश्रमतर्फ : अनिवार्य कर्मकाण्ड, अनिवार्य फलित ज्योतिष<br>संस्कृततर्फ : अनिवार्य संस्कृत भाषा |
| ७ | २०७४ साल श्रावण २५ गते बुधबार | ऐच्छिक प्रथमपत्रका सबै विषयहरु |
| ८ | २०७४ साल श्रावण २६ गते विहीबार | ऐच्छिक द्धितीयपत्रका सबै विषयहरु |

- कुनै आकस्मिक बिदा पर्न गएमा पनि परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचनाविना परीक्षा स्थगित हुनेछैन ।
- परीक्षा हलमा प्रवेश गर्न अनुमतिपत्र र प्रवेशपत्र अनिवार्य हुनुपर्नेछ ।
- परीक्षा केन्द्रहरू जिल्ला सदरमुकाममा मात्र रहनेछन् ।
- तोकिएको केन्दमा मात्र परीक्षार्थीलाई परीक्षामा समावेश गराउनुपर्नेछ अन्यथा नतिजा प्रकाशन गर्न नसकिने र तालिकाअनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीहरूलाई परीक्षाको अर्को व्यवस्था गरिनेछैन ।
- नियमित परीक्षाको प्रवेशपत्र र सोमा उल्लिखित सिम्बोल नम्बरबाट नै परीक्षा दिनुपर्नेछ । कोड नम्बरमा परीक्षा दिएमा सो परीक्षा रद्द गरिनेछ ।

**७ यस वर्षको माध्यमिक शिक्षा परीक्षा कक्षा १० का केही विषयहरु :**

- शिक्षा ऐनको आठौं संशोधनले कक्षा ९ देखि १२ सम्म माध्यमिक शिक्षा कायम गरेको, माध्यमिक शिक्षाको परीक्षाको व्यवस्थापन गर्न राष्ट्रिय परीक्षा बोर्ड गठन भएको हुँदा कक्षा १० को परीक्षाको व्यवस्थापन पनि राष्ट्रिय परीक्षा बोर्डको कार्य क्षेत्रभित्र परेकोले सोहीअनुरूप बोर्डबाट प्रत्यायोजित अधिकारअनुरूप कक्षा १० को परीक्षाको व्यवस्थापन भएको छ ।
- शिक्षा ऐनको संशोधनका कारण परीक्षाको नाम समेत परिवर्तन भई कक्षा १० को परीक्षा 'माध्यमिक शिक्षा परीक्षा कक्षा १०' भएको छ ।
- यस वर्षबाट माध्यमिक शिक्षा परीक्षा कक्षा १० को नतिजा प्रकाशन राष्ट्रिय परीक्षा बोर्डको नामबाट हुने र परीक्षार्थीलाई राष्ट्रिय परीक्षा बोर्डको नामबाट ग्रेडसिट र प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

- वि.सं. १९९० सालदेखि अङ्काङ्कनमा आधारित परीक्षाफल प्रकाशन हुँदै आएकोमा गत वर्षदेखि सम्पूर्ण परीक्षार्थीहरुको नतिजा अक्षराङ्कन पद्धति (Letter Grading System) मा प्रकाशन गरिएको र यस वर्ष पनि सोही व्यवस्थालाई निरन्तरता दिइएको छ ।
- गत वर्षदेखि नै परीक्षार्थीको नतिजामा उत्तीर्ण-अनुत्तीर्णको व्यवस्था हटाई ज्ञान, सीप र अभिवृत्तिको स्तरलाई प्रत्येक विषयमा ९ ओटा ग्रेडद्वारा व्याख्या गरिएको व्यवस्थालाई निरन्तरता दिइएको छ ।
- यस वर्षको नतिजालाई सङ्घीय संरचनाअनुसार प्रदेश स्तरमा विश्लेषण गर्न सक्ने गरी प्रदेशअनुसार प्रकाशन गर्ने व्यवस्था मिलाइएको छ ।

**८ आभार एवं धन्यवाद**

अन्त्यमा, माध्यमिक शिक्षा परीक्षा कक्षा १०, २०७३ लाई अनुशासित, मर्यादित, व्यवस्थित रूपमा सञ्चालन गर्ने कार्यमा सहयोग गर्नुहुने नेपाल सरकार, मन्त्रिपरिषद्देखि सम्पूर्ण सरकारी निकायहरू, परीक्षा सञ्चालनमा सक्रिय भूमिका निर्वाह गर्नुहुने क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय प्रमुख, क्षेत्रीय शिक्षा निर्देशक, जिल्ला शिक्षा अधिकारी, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सुरक्षाकर्मी, शिक्षक, अभिभावक, शिक्षकका पेसागत संस्थाहरू, विद्यार्थी, नागरिक समाज, कर्मचारी, राजनीतिक दल, सञ्चार माध्यमहरू, पत्रकार मित्रहरू तथा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभाव समेतलाई आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग पुर्याउनुभएकोमा हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दछु । साथै, परीक्षाको तयारी तथा सञ्चालनदेखि नतिजा प्रकाशनसम्मका परीक्षाका गतिविधि जनसमक्ष पुर्याउनमा आमसञ्चार जगतले पुर्याएको योगदानको लागि हार्दिक धन्यवाद दिँदै आगामी दिनमा पनि पत्रकारहरूबाट सिर्जनात्मक र समालोचनात्मक भूमिका निर्वाह हुनेछ भन्ने आशा एवम् विश्वास लिएको छु । यस परीक्षामा सफलता प्राप्त गर्नुहुने सम्पूर्ण विद्यार्थी भाइबहिनीहरूलाई हार्दिक बधाई दिँदै थप प्रगतिको पथमा लाग्ने प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

मितिः २०७४ असार २

अम्बिका प्रसाद रेग्मी
नियन्त्रक

## SEE-2073 PRADESH WISE

| DESCRIPTION | PRADESH | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | 1 | | | 2 | | | 3 | | |
| | TOT | BOY | GIRL | TOT | BOY | GIRL | TOT | BOY | GIRL |
| 00. APPEARED | 74777 | 35598 | 39179 | 62478 | 33393 | 29085 | 105018 | 53140 | 51878 |
| 01. "GPA FROM 3.65 TO 4.00" | 1255 | 697 | 558 | 767 | 534 | 233 | 6975 | 3746 | 3229 |
| 02. "GPA FROM 3.25 TO 3.60" | 6493 | 3636 | 2857 | 5065 | 3393 | 1672 | 18590 | 10540 | 8050 |
| 03. "GPA FROM 2.85 TO 3.20" | 8000 | 4376 | 3624 | 6054 | 4074 | 1980 | 17071 | 9588 | 7483 |
| 04. "GPA FROM 2.45 TO 2.80" | 9683 | 4979 | 4704 | 7195 | 4471 | 2724 | 15876 | 8226 | 7650 |
| 05. "GPA FROM 2.05 TO 2.40" | 14592 | 6721 | 7871 | 11352 | 6322 | 5030 | 19224 | 8885 | 10339 |
| 06. "GPA FROM 1.65 TO 2.00" | 19760 | 8694 | 11066 | 15084 | 7354 | 7730 | 18421 | 8030 | 10391 |
| 07. "GPA FROM 1.25 TO 1.60" | 12662 | 5463 | 7199 | 13055 | 5696 | 7359 | 7582 | 3457 | 4125 |
| 08. "GPA FROM 0.85 TO 1.20" | 2046 | 875 | 1171 | 3080 | 1133 | 1947 | 757 | 370 | 387 |
| 09. "GPA FROM 0.00 TO 0.80" | 3 | 2 | 1 | 1 | 1 | 0 | 0 | 0 | 0 |

| DESCRIPTION | PRADESH | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | 4 | | | 5 | | | 6 | | |
| | TOT | BOY | GIRL | TOT | BOY | GIRL | TOT | BOY | GIRL |
| 00. APPEARED | 47837 | 23674 | 24163 | 72932 | 35891 | 37041 | 33194 | 16094 | 17100 |
| 01. "GPA FROM 3.65 TO 4.00" | 1575 | 936 | 639 | 1286 | 820 | 466 | 90 | 63 | 27 |
| 02. "GPA FROM 3.25 TO 3.60" | 5228 | 2948 | 2280 | 5011 | 2972 | 2039 | 582 | 388 | 194 |
| 03. "GPA FROM 2.85 TO 3.20" | 7039 | 3807 | 3232 | 7925 | 4629 | 3296 | 1704 | 1065 | 639 |
| 04. "GPA FROM 2.45 TO 2.80" | 9332 | 4675 | 4657 | 10040 | 5526 | 4514 | 4690 | 2572 | 2118 |
| 05. "GPA FROM 2.05 TO 2.40" | 12168 | 5598 | 6570 | 14915 | 7297 | 7618 | 8730 | 4231 | 4499 |
| 06. "GPA FROM 1.65 TO 2.00" | 9457 | 4213 | 5244 | 19627 | 8532 | 11095 | 10169 | 4644 | 5525 |
| 07. "GPA FROM 1.25 TO 1.60" | 2686 | 1320 | 1366 | 11694 | 5042 | 6652 | 5802 | 2526 | 3276 |
| 08. "GPA FROM 0.85 TO 1.20" | 230 | 113 | 117 | 2116 | 908 | 1208 | 1130 | 462 | 668 |
| 09. "GPA FROM 0.00 TO 0.80" | 1 | 1 | 0 | 4 | 1 | 3 | 2 | 0 | 2 |

| DESCRIPTION | PRADESH | | |
|---|---|---|---|
| | 7 | | |
| | TOT | BOY | GIRL |
| 00. APPEARED | 49328 | 23892 | 25436 |
| 01. "GPA FROM 3.65 TO 4.00" | 336 | 238 | 98 |
| 02. "GPA FROM 3.25 TO 3.60" | 1458 | 1034 | 424 |
| 03. "GPA FROM 2.85 TO 3.20" | 2853 | 1933 | 920 |
| 04. "GPA FROM 2.45 TO 2.80" | 5139 | 3250 | 1889 |
| 05. "GPA FROM 2.05 TO 2.40" | 10333 | 5439 | 4894 |
| 06. "GPA FROM 1.65 TO 2.00" | 15946 | 6923 | 9023 |
| 07. "GPA FROM 1.25 TO 1.60" | 11096 | 4283 | 6813 |
| 08. "GPA FROM 0.85 TO 1.20" | 1926 | 671 | 1255 |
| 09. "GPA FROM 0.00 TO 0.80" | 4 | 1 | 3 |